शिवपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शेराबगर, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं.०७८/७९

च.नं.

मिति :२०७८/११/०६ गते

**बंगुरका पाठापाठी खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना।**

यस शिवपुरी गाउँपालिकालाई आवश्यक निम्न कार्य गर्न ईच्छुक र ईजाजत प्राप्त फर्म कम्पनी (स्वंयम) ले देहायको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र यो सुचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु. १००० (एक हजार फिर्ता नहुने गरी ) तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ वा यस कार्यालयको आन्तरिक खाता नं ०६१०१००४००००००९ मा जम्मा गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्दा नवीकरण भएको ईजाजत पत्र, मु.अ. कर र प्यान दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

३. यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजे सम्ममा शिवपुरी गाउँपालिकामा सिलबन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ र सोही दिनको १ बजे कार्यालयमा खोलिनेछ।

४. सिलबन्दी बोलपत्र जमानत वापत तपशिलमा उल्लेखित रकम बराबर यस कार्यालयको सानिमा बैंक शिवपुरीमा रहेको धरौटी खाता नं ०६१०१००२००००००६ मा नगद जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंक बाट (अन्तिम दर्ता मितिले ७५ दिन म्याद भएको ) यस कार्यालयको नाममा खिचिएको बैंक जमानत अनिवार्य रुपमा रहेको हुनुपर्नेछ।

५. यस सुचनामा उल्लेख भए बमोजिमका कागजात संलग्न नभएको, सिलबन्दी बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

६. जैविक सुरक्षाको दृष्टिकोणले स्थानीय उतपादनलाई प्राथमिकता दिइनेछ ।

७. यस सम्बन्धी थप जानकारीको लागी कार्यालय समयभित्र मो. नं ९८६२२७३०६० मा सम्पर्क गर्न सकिनेछ।

**तपशिल:**

| क. सं | सुचना नं | कार्यविवरण | जात | संख्या | सिलबन्दी बोलपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SRM/SQ/Goods/२०७८-७९/१० | बंगुरका पाठापाठी उपलब्ध गराउनुपर्ने | ल्याण्डरेस, ड्युरोक र योर्कशायर बर्णशंकर (क्रस ) | १८५ पाठी र १५ वटा पाठा | ४०,५०० /- | |

**बंगुरका पाठा पाठीमा हुनुपर्ने गणहरु:**

१. कम्तिमा ४५ दिन पुगेको।

२. स्वस्थ, शारिरीक विकृति नभएको, कमजोर दुब्लो नभएको तथा जातीय गुण देखिने।

३. आमा बुवामा स्वाइन फिवर बिरुद्द तथा पाठा पाठीलाई आईरन सुई लगाएको।

४. कम्तिमा १२-१४ वटा थुन भएको

५. भालेको हकमा दुवै अन्डकोष मिलेको बराबर हुनुपर्ने।

२०७८/११/०६

.........................

विष्णु प्रसाद न्यौपाने

नि. प्रमुख प्रशासकीय अधिकृत